# नेपाल सरकार
## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
### जिन्सी सामानहरुको लिलाम बढाबढ सम्बन्धी सिलबन्दी बोलपत्र फाराम
### <u>सिलबन्दी बोलपत्र आव्हानको सूचना</u>

सूचना प्रकाशित मिति २०७८।१२।२१

यस मन्त्रालयमा रहेका पुराना फर्निचर र इलेक्ट्रोनिक्स तथा मेशिनरी लगायतका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्र माध्यमबाट बढाबढ गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले निम्न लिखित सर्तको अधीनमा रही सिलबन्दी बोलपत्र पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१ सिलबन्दी बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय सम्म यस मन्त्रालयको स्टोर शाखा (कोठा नम्बर १०७) बाट रु १०००/- (तीन सय) फिर्ता नहुने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यालय कोड नं. ३२५००३५०१, खाता नं. ००१००१०६२००००० र राजश्व शीर्षक नम्बर १४२२९ मा जम्मा गरिएको भौचर पेस गरी खरिद गर्न सकिने छ अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि दिनको कार्यालय समय सम्म खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको १२.०० बजे भित्र कोठा नम्बर १०७ मा दर्ता गराई सक्नु पर्नेछ । सो दिन बिदा परेमा कार्यालय खुलेको दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र फाराम सिलबन्दी गरी खामको बाहिर बोलपत्र दाताको नाम, ठेगाना खुलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिन्सी सामान लिलाम सम्बन्धी बोलपत्र, २०७८ उल्लेख भएको हुनु पर्नेछ ।

३. पर्न आएका सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको २.०० बजे मन्त्रालयको प्रशासन शाखा (कोठा नम्बर ४०२) मा उपस्थित व्यक्ति फर्म/ कम्पनी र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर व्यक्ति वा फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त बोलपत्र खोल्ने दिन बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ । बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र स्वीकृत बोलपत्र दाताले सामान उठाई सकेको हुनुपर्ने छ ।

४. सिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको अङ्कको १० (दश) प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रण कार्यालयको एभरेष्ट बैङ्क लिमिटेड, सिंहदरबारमा रहेको ००१००१०५२०१२६८ धरौटी खातामा नगद जम्मा गरेको बैङ्क भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन म्याद भएको बाणिज्य बैङ्क

द्वारा यस मन्त्रालयको नाममा जारी भएको सोही रकम बराबरको बैङ्क ग्यारेन्टी (बिडबोण्ड) पेस गर्नु पर्ने छ ।

५. बोलपत्र पेस गर्ने इच्छुक रजिस्टर्ड फर्म/कम्पनीले मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७७।७८ सम्मको कर चुक्ता पत्रको प्रमाणित प्रतिलिपि, सार्वजनिक खरिद बिक्री सम्बन्धी कार्यमा अयोग्य नभएको स्व-घोषणा र इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि बोलपत्र फारम साथ संलग्न राख्नु पर्नेछ ।

६. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम रीत नपुगी आएको सिलबन्दी बोलपत्रहरु उपर कुनै कारबाही गरिने छैन ।

७. सिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ ।

८. माथि उल्लिखित सर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

९. मालसामानको कुल न्युनतम मूल्य रु ३३०९५.११ अक्षरेपि तेत्तीस हजार पन्चनब्बे रुपैयाँ एघार पैसा कायम भएकोले सो रकम देखि माथि मात्र कबोल अङ्क लेख्न सकिने छ । बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर १३% समेत थप गरी जम्मा हुन आउने रकम दाखिला भुक्तानी गर्नुपर्नेछ ।

१० यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा उल्लिखित सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समय भित्र मन्त्रालयको खरिद ईकाइ तथा जिन्सी शाखामा सम्पर्क राख्न सकिने छ ।

११. यो सूचना मन्त्रालयको सूचना पाटी, वेबसाइट www.tourism.gov.np मा समेत हेर्न सकिनेछ ।